नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(आर्थिक प्रशासन शाखा)

सिंहदरवार, काठमाण्डौ ।

पत्र संख्या:- २०७९/८०
चलानी नम्बर:- ९०

फोन नं. (९७७)- ४२००३६८ Ext-164
Email Address:-account.section@mofaga.gov.np

मिति:- २०७९/०४/०९

श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक, ललितपुर,
श्री सस्पेन्सन ब्रिज डिभिजन, पुल्चोक, ललितपुर,
श्री ग्रामिण सडक सञ्जाल सुधार आयोजना, पुल्चोक, ललितपुर,
श्री निजामती कर्मचारी अस्पताल, मिनभवन, काठमाण्डौ,
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जाउलाखेल, ललितपुर,
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।

**विषय:- महालेखापरीक्षकको ५९ औं बार्षिक प्रतिवेदनको जवाफ सम्बन्धमा ।**

महालेखापरीक्षकको ५९औं बार्षिक प्रतिवेदनमा समावेश भएका बेरुजूहरुको विवरण यसै पत्र साथ संलग्न छ । आ.ब. २०७७/७८ को त्यहाँ कार्यालयसँग सम्बन्धित बेरुजु दफाहरुको जबाफ/ प्रमाण ७ दिन भित्र पेश गर्न हुन निर्देशानुसार अनुरोध छ ।

...................
बाबुराम ज्ञवाली
उप सचिव (लेखा)

बोधार्थ:-

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार, काठमाण्डौ ।
श्री संघीय संसद सार्वजनिक लेखा समिति, सिंहदरवार, काठमाण्डौ ।
श्री महालेखापरीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौ ।
श्री बेरुजू फछ्यौंट अनुगमन समिति, सिंहदरवार, काठमाण्डौ ।
श्री सूचना प्रविधि शाखा,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय:- मन्त्रालयको website मा राखिदिनु हुन अनुरोध छ ।
सिंहदरवार, काठमाण्डौ ।

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा संघ, प्रदेश र स्थानीय तहबीच सम्पर्क र समन्वय, स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति, फोहोरमैला व्यवस्थापन, निजामती तथा अन्य सरकारी सेवाको व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह र नियमन गर्ने लगायतका कार्य रहेका छन् । मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्था समेत १०२ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत ९३ कार्यालयको निम्नानुसार रू.१२ अर्ब ७७ करोड ८५ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

| विनियोजन | राजस्व | धरौटी | अन्य | जम्मा |
|---|---|---|---|---|
| ८,८९,८९ | ९,८९ | १,३६,९३ | २,४१,१४ | १२,७७,८५ |

१.१. उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश र स्थानीय निकायमा निकासा भएको रू.७ अर्ब ११ करोड ८ लाख समावेश छैन । अन्य मन्त्रालयबाट प्राप्त रू.२९ करोड १७ लाख तथा मन्त्रालय र मातहतका तीन कार्यालयको २०७६।७७ को लेखापरीक्षण बक्यौता रू.७४ करोड ६६ लाख समावेश छ ।

१.२. यो वर्ष मन्त्रालय मातहतका ५ कार्यालयको विनियोजन, धरौटी र अन्य कारोबारसमेत रू.१२ करोड ७० लाखको लेखापरीक्षण गर्न बाँकी रहेको छ ।

२. **संगठित, अन्य संस्था र समिति** - यो वर्ष ४ संस्थाको रू.४ अर्ब १ करोड ७२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **लेखापरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष साना विकास परियोजनामा भारतीय सहयोग सोझै भुक्तानी रू.२६ करोड ६५ लाख तथा स्थानीय पूर्वाधार विभाग अन्तर्गत सोझै भुक्तानी रू.५१ करोड ४[illegible] लाख ५३ हजारका स्रेस्ता तथा खर्चको विवरण पेस भएको छैन । यसैगरी विभिन्न ७ दातृ निकायबाट रू.१० अर्ब ८० करोड ४३ लाख २९ हजार प्राप्त हुने उल्लेख भएमध्ये यो वर्ष रू.२ अर्ब २० करोड ८१ लाख ९५ हजारको प्राविधिक सहयोग उपलब्ध हुने उल्लेख भएकोमा प्राप्त सहायताको वित्तीय विवरण, भौतिक प्रगति र खर्चको स्रेस्ता पेस गरी लेखापरीक्षण गराएको छैन । ऐनको उल्लिखित व्यवस्थाबमोजिम लेखापरीक्षण गराउनुपर्दछ ।

४. **संघीय निजामती सेवा ऐन** - नेपालको संविधानको धारा २८५(१) मा नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा र आवश्यकताअनुसार अन्य संघीय सरकारी सेवाहरूको

गठन गर्नसक्ने र त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका शर्त संघीय ऐनबमोजिम हुने व्यवस्था रहेकोमा हालसम्म निजामती कर्मचारी प्रशासनसम्बन्धी राष्ट्रिय नीति तर्जुमा भई जारी भएको छैन। संघीय निजामती सेवा विधेयक प्रतिनिधि सभामा २०७५।१०।२७ मा दर्ता भएकोमा उक्त विधेयक २०७८।६।१९ मा नेपाल सरकारले फिर्ता लिएको छ ।कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश निजामती सेवा तथा स्थानीय सेवासम्बन्धी कानून बनाउँदा कर्मचारी छनौट, भर्ना, नियुक्ति, सरुवा, बढुवा, आचरण र विभागीय सजायका विषयमा संघीय निजामती सेवासम्बन्धी कानूनका आधारभूत सिद्धान्त र मान्यतालाई आधारको रूपमा लिने व्यवस्था छ । संघीय निजामती सेवा ऐन जारी नभएको अवस्थामा मधेश प्रदेशबाट प्रदेश निजामती सेवा ऐन, २०७७ तथा वाग्मती प्रदेशबाट प्रदेश निजामती सेवा अध्यादेश, २०७८ जारी भएको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

४.१. संघीय निजामती सेवा ऐन पारित नभएको र प्रदेशले आफ्नै तवरले निजामती सेवा ऐन बनाउने, स्थानीय तहले कानून निर्माण नगरिकन बढुवा वा स्तरवृद्धि गर्ने कार्यले प्रशासनिक संयन्त्रमा वृत्ति विकास, सेवा सुविधा, सरुवा, बढुवा प्रणालीमा एकरूपता नहुने स्थिति छ । संघीय ऐन समयमै जारी हुन नसक्दा प्रदेशहरूबाट तर्जुमा भएका कानूनमा विविधता देखिएको छ । मधेश प्रदेशले निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति पदमध्ये ४९ प्रतिशतलाई विभिन्न समूहमा वर्गीकरण गरेको, पद पूर्तिमा अन्तर सेवा प्रतियोगिता र तह वृद्धि व्यवस्था रहेको, विभिन्न तहका पदपूर्ति प्रतिशतमा भिन्नता देखिएको, बढुवा उजुरीमा १५ दिनको म्याद राखेको लगायतका विविधता रहेका छन् । त्यसैगरी वाग्मती प्रदेशको निजामती सेवा अध्यादेशमा खुला प्रतियोगिताको पद मध्ये ४५ प्रतिशत लाई विभिन्न समूहमा वर्गीकरण गरेको, सेवाका छैठौं र दशौंमा तह वृद्धि सम्बन्धी व्यवस्था तथा आन्तरिक/अन्तर सेवा प्रतियोगिता हुने, बढुवाको उजुरी ३५ दिन म्याद रहेको लगायतका व्यवस्था उल्लेख गरेको छ ।

४.२. मधेश प्रदेशको निजामती सेवा ऐनमा उमेरको हद ननाघ्ने गरी प्रमुख सचिवको ३ वर्ष र सचिवको ५ वर्ष पदावधि कायम गरेको देखिन्छ । वाग्मती प्रदेशको निजामती सेवा अध्यादेशमा प्रदेश सचिवको पदावधि ५ वर्षको हुने उल्लेख छ । दुवै ऐनले अनिवार्य अवकाशको लागि ६० वर्ष कायम गरेको देखिन्छ । कर्मचारी समायोजन ऐन, २०७५ ले प्रदेश प्रमुख पदमा सचिव (विशिष्ट श्रेणी) र प्रदेश सचिव पदमा सहसचिवस्तरको कर्मचारी खटाउने व्यवस्था गरेको छ । उल्लिखित अवस्थाले कर्मचारीहरूको पदावधि र अवकाश सम्बन्धमा संघसँग तालमेल मिलेको नदेखिँदा समस्या आउने देखिन्छ ।

४.३. कर्मचारी समायोजन ऐन, २०७५ मा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (३) बमोजिमको कानून नबनेसम्मका लागि नेपाल सरकारले गाउँपालिका र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको पदमा निजामती सेवाको कुनै अधिकृतलाई खटाउने व्यवस्था छ । तर मधेश र वाग्मती प्रदेश निजामती सेवा ऐनले ती कर्मचारीहरू प्रदेश निजामती सेवाअन्तर्गतको हुने व्यवस्था गरेकोले द्विविधा परेको छ ।

समयमै निजामती सेवासम्बन्धी कानूनको अभावले कर्मचारी समायोजन तथा सेवा प्रवाहमा असर परेको, कानून तर्जुमा गर्दा विविधता रहने हुँदा संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवा सम्बन्धी कानूनहरू तर्जुमा गरी लागू गर्नुपर्दछ ।

५. **निजामती सेवामा पदपूर्ति** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय कर्मचारी प्रशासनको केन्द्रीय भूमिकामा रहेकोले कर्मचारी सम्बन्धी समग्र प्रशासन गर्दै आएको छ । निजामती सेवा ऐन २०४९को दफा ७ मा पदपूर्ति सम्वन्धी व्यवस्था छ । राजपत्राङ्कित प्रथम श्रेणी र द्धितिय श्रेणीमा पदपूर्ति गर्दा १० प्रतिशत खुल्ला प्रतियोगिताद्धारा, ३५ प्रतिशत कार्यक्षमता मूल्याङ्कनद्धारा, २० प्रतिशत आन्तरिक प्रतियोगितात्मक परीक्षाद्धारा र ३५ प्रतिशत जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा पदपूर्ति हुदै आएको छ। मन्त्रालयले रिक्त पदमा पदपूर्तिको लागि लोकसेवा आयोगमा माग पठाउने र तोकिएबमोजिम पदपूर्ति हुने गरेको छ । संघीय निजामती सेवा ऐन तर्जुमा गर्दा वर्तमान परिप्रेक्ष्यमा निजामती सेवाबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रभावारी र नतिजामूलक बनाउन विद्यमान पदपूर्ति व्यवस्थामा समयानुकूल पुनरावलोकन गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ ।

६. **तहगत दोहोरो संरचना** - संघीय व्यवस्थाअनुरूप स्थानीय तथा प्रदेशमा हस्तान्तरण हुने कार्य, संघ आफैंले गर्ने तथा प्रदेश वा स्थानीय तहले गर्ने कार्य र साझा रूपमा गर्ने कार्यबारे स्पष्ट उल्लेख छ । संघमा रहेका पूर्वाधार, कृषि, स्वास्थ्य, वन, शिक्षालगायतका कार्यालयहरू प्रदेशस्तरमा समेत स्थापना गरेको तथा स्थानीय तहबाट समेत सोही प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा कार्यसम्पादनमा दोहोरोपना रहेको स्थिति छ । यसबाट समग्र शासन प्रणालीको खर्च बढ्ने र कार्य क्षेत्रमा दोहोरोपना हुने देखिन्छ । संघ, प्रदेश सरकार तथा स्थानीय तहले संगठन तथा दरबन्दी समय सापेक्ष पुनः संरचना गर्नुपर्ने देखिन्छ ।

७. **कर्मचारी समायोजन** - कर्मचारी समायोजन ऐन, २०७५ को दफा ५(१) मा सरकारी सेवाको कर्मचारीलाई संघ, प्रदेश र स्थानीय तहको पदमा समायोजन गर्ने प्रयोजनका लागि समायोजन गरिने सेवा, समूहको पद तथा तहगत विवरण खुलाई कर्मचारीबाट निवेदन माग गर्न सूचना प्रकाशन गर्ने व्यवस्था छ । मन्त्रालयले २०७५।९।११ मा सूचना प्रकाशन गरी दफा ८ बमोजिम संघमा जम्मा ५२ हजार ९२८ दरबन्दी स्वीकृत गरेकोमा ३७ हजार ९४४ कर्मचारी समायोजन भई १४ हजार ९८४ दरबन्दी रिक्त रहेको देखिन्छ । त्यसैगरी ७ प्रदेशमा २२ हजार २९७ दरबन्दी स्वीकृत भएकोमा १४ हजार ८६३ कर्मचारी समायोजन भई ७ हजार ४३४ दरबन्दी रिक्त रहेको देखिन्छ । त्यसैगरी ७५३ स्थानीय तहमा ६७ हजार ७१९ दरबन्दी स्वीकृत भएकोमा ४४ हजार ३२१ कर्मचारी समायोजन भई २३ हजार ३९८ दरबन्दी रिक्त रहेको देखियो । संघ, प्रदेश र स्थानीय तहमा समायोजन नभई २ हजार ४४३ कर्मचारी फाजिलमा रहेको देखिन्छ । मन्त्रालयले कर्मचारी समायोजनको सम्पूर्ण काम सम्पन्न भएको जनाए पनि फाजिलमा रहेका कर्मचारी व्यवस्थापन नगरेको ब्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत् छ ।

कुल स्वीकृत दरबन्दीमध्ये संघमा २८.३१ प्रतिशत, प्रदेशमा ३३.३४ प्रतिशत र स्थानीय तहहरूमा ३४.५५ प्रतिशत दरबन्दी रिक्त रहेको देखिन्छ । जनसरोकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने

स्थानीय तहहरू र प्रदेशअन्तर्गतका कार्यालयहरूमा कर्मचारीहरूको अभाव हुँदा सेवा प्रवाहमा असर परेको अवस्था छ । प्रदेश लोकसेवा आयोग गठन भए पनि प्रदेश निजामती कानून नबन्दा पदपूर्ति प्रतिशत निर्धारण गरी प्रदेश र स्थानीय तहमा पदपूर्तिको लागि विज्ञापन हुन सकेको छैन । उल्लिखित स्थितिमा मन्त्रालयले प्रदेश लोक सेवा आयोगमार्फत् पदपूर्ति गर्न समन्वयकारी भूमिका निर्वाह गरी प्रदेश तथा स्थानीय तहहरूको कर्मचारी व्यवस्थापन र प्रशासनिक संरचनामा मन्त्रालयको भूमिकालाई प्रभावकारी बनाउनुपर्दछ ।

८. **छात्रवृत्ति** - निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०७२ मा निजामती कर्मचारीका सन्ततिलाई नेपालको शिक्षण संस्थामा अध्ययन गर्न छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था छ। निर्देशिकाको बुँदा ३ मा नेपाल सरकारले प्रत्येक वर्ष निजामती कर्मचारीका सन्ततिलाई बुदाँ १३ बमोजिम अर्थ मन्त्रालयसँग समन्वय गरी बजेट विनियोजन गरी उपलब्ध गराउने व्यवस्था छ । छात्रवृत्ति निर्देशिका, २०७५ तयार गरी अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सहमति प्राप्त नभएकोले निर्देशिका जारी नहुँदा २०७५।७६ को रू.१५ करोड ५५ लाख २०७६।७७ मा रू.१४ करोड २४ लाख ४४ हजार र २०७७।७८ मा विनियोजन नभएको कारण छात्रवृत्ति वितरण गरेको देखिएन । मन्त्रालयले छात्रवृत्ति वितरण गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ ।

९. **वैदेशिक तालिम तथा अध्ययन** - निजामती सेवा ऐन, २०४९ को दफा ४० (ख) १ मा मन्त्रालय, आयोजना वा सचिवालयले आफ्नो मातहतका कर्मचारीहरूलाई नेपाल सरकारको नाममा प्राप्त भएका अध्ययन तालिम वा अध्ययन भ्रमणको अवसर समानुपातिक रूपमा बाँडफाँट गर्न नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा समिति गठन हुने र प्राप्त अवसरलाई समानुपातिक रूपमा बाँडफाँट गरी सो को जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई दिने र सो मन्त्रालयले सबै सरकारी निकायलाई जानकारी दिनुपर्ने व्यवस्था छ । नेपाल सरकारलाई यस वर्ष अध्ययन, तालिम र वैदेशिक भ्रमण अवसर प्राप्तिसम्वन्धी अद्यावधिक अभिलेख तयार गरेको देखिएन । सरकारी निकायलाई प्राप्त अवसरको बाँडफाँट गर्नुपर्नेमा सो नगरेको तथा निर्णयको जानकारी नगराउने निकाय प्रमुखलाई जिम्मेवार बनाउनुपर्दछ ।

१०. **अध्ययन बिदाको अभिलेख** - निजामती सेवा ऐन, २०४९ को दफा ४०(घ) बमोजिम कबुलियतनामा गराई नेपाल सरकार सचिवस्तरबाट अध्ययन बिदा स्वीकृत हुने र सोको जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई दिनुपर्ने व्यवस्था छ ।अध्ययन बिदामा बसेका कर्मचारीले कबुलियतनामामा उल्लेख भएअनुसारको अवधि सेवा दिनुपर्दछ । ऐनबमोजिम स्वीकृत भएको अध्ययन बिदाको अभिलेख नरहेकोले कर्मचारीको अध्ययन बिदा पश्चात् कबुलियतनामाबमोजिम नेपाल सरकारलाई दिएको सेवा सम्बन्धमा विश्वस्त हुने आधार देखिँदैन । अध्ययन बिदाबाट फर्किएपछि सोअनुसार सेवा नगरेका कर्मचारीलाई भुक्तानी गरेका तलब भत्ता र अन्य सुविधा सरकारी बाँकी सरह असुल हुन नसकेको, त्यस्तै सेवा र शर्तअनुसार काम नगर्ने कर्मचारीहरूलाई विभागीय कारबाहीसमेत हुन सकेको देखिएन । तसर्थ मन्त्रालयले अध्ययन बिदा बस्ने कर्मचारीको

अद्यावधिक अभिलेख राख्नुपर्ने र अध्ययन बिदा समाप्त भए पश्चात सेवा नगर्ने कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ बमोजिम विभागीय कारबाही गर्नुपर्ने देखिन्छ ।

११. **बहुक्षेत्रीय पोषण कार्यक्रम** - महिलालाई कुपोषण (न्यून पोषण) बाट जोगाउन र पोषण तत्वमा सुधार गर्न युनिसेफको सहयोगबाट २०७५।७६ देखि २०७९।८० सम्म बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन भइरहेको छ । यस कार्यक्रमको लागि नेपाल सरकारबाट रू.२८ अर्ब ८५ करोड २० लाख र वैदेशिक सहयोगतर्फ युरोपियन युनियन एवं युनिसेफको नगद अनुदान रू.२० अर्ब ४ करोड ९० लाखसमेत रू.४८ अर्ब ९० करोड १० लाख बजेट खर्च गर्ने अनुमान गरिएको छ ।

गत वर्षसम्म नेपाल सरकारतर्फ रू.२ करोड ३५ लाख ३८ हजार र वैदेशिक स्रोततर्फ रू.५८ करोड ६२ लाख २९ हजारसमेत रू.६० करोड ९७ लाख ६७ हजार अर्थात् बजेटको तुलनामा १.२५ प्रतिशतमात्र खर्च भएको र यो वर्ष युरोपियन युनियनतर्फ रू.४ करोड ३४ लाख ९९ हजार बजेट व्यवस्था भएकोमा रू.९८ लाख ५२ हजार प्राप्त भै २२.६५ प्रतिशतमात्र खर्च भएको देखिन्छ । कार्यक्रम अवधि समाप्त हुन एक वर्ष बाँकी रहँदा १.२७ प्रतिशत बजेट मात्र खर्च भएकोले तोकिएको समयमा कार्यक्रम सम्पन्न हुन सक्ने अवस्था देखिएन ।

१२. **न्यून बजेट खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत वजेट लक्ष्यअनुरूप खर्च नभएमा त्यसको जिम्मेवारी लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ । मन्त्रालयको आर्थिक विवरण परीक्षण गर्दा सार्वजनिक वित्तीय व्यवस्था सुधार कार्यक्रममा १८.०६ प्रतिशत र संघीय शासन प्रणाली व्यवस्था कार्यक्रममा २६.५९ प्रतिशत खर्च भएको छ । चीन सरकारको सहयोगमा कार्यान्वयन हुने उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रममा रू.१ अर्ब ६६ करोड ९५ लाख विनियोजन भएकोमा कार्यक्रम कार्यान्वयन भएको देखिएन । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको रू. ४ करोड खर्च भएको छैन । वार्षिक लक्ष्यअनुसार कार्यक्रम सञ्चालन गरी प्रगति हासिल गर्नुपर्दछ ।

## स्थानीय पूर्वाधार विभाग

१३. **गणेशमान सिंह समावेशी भवन** - ललितपुरको जावलाखेलमा निर्माण हुने उक्तको लागत अनुमान रू.६० करोड ७३ लाख १७ हजार रहेकोमा रू.४० करोड ६४ लाख ३७ हजार कबोल गर्ने एक निर्माण व्यवसायीसँग २०७७।३।१२ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी २०७४।३।१३ मा खरिद सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीलाई गत वर्षसम्म रू.५ करोड ८४ लाख २३ हजार र यो वर्ष रू.४ करोड ३१ लाख ६५ हजारसमेत रू.१० करोड १५ लाख ८८ हजार, मूल्यवृद्धिबापत रू.१७ लाख ९७ हजार, पेश्की भुक्तानी रू.३ करोड ५९ लाख, भेरिएसन रू.१५ लाख ५० हजारसमेत रू.१४ करोड ८ लाख ३५ हजार भुक्तानी भएको देखिन्छ । सम्झौताअनुसार ३ वर्षभित्र २५ प्रतिशतमात्र वित्तीय प्रगति भएको अवस्थामा विभागीय प्रमुखबाट ३ पटक म्याद थप भै ६५५ दिन अर्थात् ५९.८१ प्रतिशत म्याद थप भैसकेको छ । निर्माण कार्यको भौतिक

प्रगति ४० प्रतिशतमात्र रहेकोले तोकिएको समयमा सम्पन्न हुन सक्ने अवस्था देखिएन । पटक पटक म्याद थप हुँदा समेत कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन, नियम तथा खरिद सम्झौताबमोजिम कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

१४. **निर्माण स्थगन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (३) मा निर्माण स्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारबाही शुरु गर्न नहुने व्यवस्था छ । वाग्मती नदीमा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७४।१।१२ मा रू.९ करोड ४१ लाख ७५ हजारको खरिद सम्झौता भएको देखिन्छ । उक्त पुल नेपाली सेना (काठमाडौं तराई/मधेश द्रुत मार्ग सडक आयोजना) को पत्रबाट फाष्ट ट्र्याकको सीमाङ्कन भित्र परेको र द्रुत मार्गलाई असर गर्ने हुँदा सो निर्माण कार्य रोकिदिने व्यवस्थाको लागि अनुरोध भएको देखियो । सो अवधिसम्म रू.२ करोड ६८ लाख ६३ हजार भुक्तानी भएको छ । निर्माण व्यवसायी र कार्यालयका प्रतिनिधिबीच कार्यालयलाई तिर्नुपर्ने बाँकी दायित्व, बढी भुक्तानी, मोबिलाइजेसन पेश्की यथाशीघ्र कार्यालयलाई बुझाउने र भए गरेका कार्यका आधारमा भुक्तानी पाउने गरी ठेक्का सम्झौता अन्त गर्न २०७५।२।२८ मा सहमति भएको देखिन्छ । उक्त विवाद मध्यस्थतामा गई नेपाल मध्यस्थता परिषद्लाई रू.३ लाख ४० हजार भुक्तानी खर्च लेखेकोमा हालसम्म उक्त विवादको समाधान तथा निर्णय आएको देखिएन।

निर्माण व्यवसायीलाई दोस्रो बिलबाट भुक्तानी दिँदा पहिलो बिलमा भुक्तानी भएको रकम कट्टा नगरेकोले रू.७४ लाख ३० हजार बढी भुक्तानी भएको देखिन्छ । उक्त रकममध्ये तेस्रो रनिङ बिलबाट रू.२३ लाख ४५ हजार कट्टा भै रू.५० लाख ८५ हजार बढी भुक्तानी र मोबिलाइजेसन पेश्की रू.९४ लाख ६० हजारसमेत रू.१ करोड ४५ लाख ४५ हजार दाखिला गर्न २०७४ मा पत्राचार भए तापनि निर्माण व्यवसायीबाट दाखिला भएको छैन । बाँकी रकम पेश्की जमानतको बैङ्क ग्यारेन्टीबाट दाखिला गर्न कुनै कारबाही गरेको देखिएन । यसरी निर्माण स्थल यकिन नहुँदै खरिद सम्झौता गरी हालसम्म मोबिलाइजेसन पेश्कीसमेत रू.३ करोड ६३ लाख २३ हजार खर्च गरेको देखियो । उक्त खर्चबाट कुनै उपलब्धि हासिल नभएकोले प्रयोजनविहीन देखिएको छ ।

१५. **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८९(३) मा गैरबासिन्दालाई हुने ठेक्का वा करारको भुक्तानीमा ५ प्रतिशत कर कट्टा गर्नुपर्ने उल्लेख छ । विभाग र एक वैदेशिक सेवा प्रदायकसँग फलामे लट्ठा खरिदको प्रतीतपत्रमार्फत् रू.८७ करोड ६५ लाख ९ हजारको सम्झौता भएको देखिन्छ । उक्त खरिद कार्यमा हालसम्म रू.६७ करोड ७६ लाख भुक्तानी भएकोमा रू.३ करोड ३८ लाख ८० हजार कर कट्टा गर्नुपर्नेमा लेखापरीक्षणको क्रममा रू.१ करोड २३ लाख ९२ हजार असुली भई सञ्चित कोष दाखिला गरेकोले बाँकी रकम रू.२ करोड १४ लाख ८८ हजार असुल हुनुपर्दछ ।

## सस्पेन्सन ब्रिज डिभिजन

१६. **निर्माण कार्य स्थगन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा निर्माण स्थलको व्यवस्था भएपछि मात्र बोलपत्र आह्वान गर्नुपर्ने र एक सार्वजनिक निकायले अर्को सार्वजनिक निकायसँग समन्वय गर्नुपर्ने लगायतको व्यवस्था छ । चितवनस्थित बाल्मीकि आश्रम जोड्ने नारायणी नदीमा झोलुङ्गे पुल निर्माणका लागि रू.८ करोड १८ लाख ७२ हजारको लागत अनुमान तयार गरी २०७२।९।२९ भित्र कार्य सम्पन्न गर्न निर्माण व्यवसायीसँग २०७०।३।३० मा रू.५ करोड १९ लाख ६६ हजारको सम्झौता भएको देखिन्छ । भेरिएसनबाट सम्झौता रकममा रू.७९ लाख ८ हजार थप भएको देखिन्छ भने २०७५।७।२३ सम्म म्याद थप भएको छ । मिति २०७६।८।२५ सम्म रू.३ करोड ४७ लाख ५३ हजार बिल रकम र रू.१ करोड ३ लाख ३ हजार पेश्की भुक्तानी भए तापनि हाल कुनै कार्य भएको तथा म्याद थपसमेत गरेको देखिएन । कार्य सम्पादन जमानत रू.२९ लाख ३६ हजारको म्याद २०७७।४।२९ सम्म रहेको, पेश्की रू.१९ लाख ९६ हजार फर्स्यौट नभएको र पेश्की जमानतको म्याद २०७५।८।२३ मा समाप्त भएकोले पेश्की रकमसमेत जोखिममा रहेको छ । राष्ट्रिय निकुञ्ज र कार्यालयबीच समन्वय नहुँदा रू.३ करोड ४७ लाख ५३ हजार अर्थात् सम्झौताको करिब ६७ प्रतिशत रकम खर्च भएको अवस्थामा निर्माण कार्य अधुरो रहेको छ । निर्माणस्थलमा देखिएका समस्या समाधान गरी कार्यसम्पन्न गर्नुपर्दछ ।

१७. **न्यून प्रगति -** झोलुङ्गेपुल निर्माण कार्यमा प्रयोग हुने १६० रोल फलामे लठ्ठा खरिद कार्यको लागि अमेरिकी डलर १२ लाख ७१ हजार लागत अनुमान स्वीकृत भै अमेरिकी डलर १२ लाख २९ हजार कबोल गर्ने एक आपूर्तक संस्थासँग १५० दिनभित्र सबै लठ्ठा अमलेखगन्ज स्टोरमा प्राप्त हुने गरी २४ डिसेम्बर २०२० मा खरिद सम्झौता भएको देखिन्छ । सो खरिद सम्झौताको म्याद ३ पटकसम्म थप भएको देखियो । सम्झौताअनुसार १२० दिनभित्र ९० र १५० दिनभित्र ७० समेत १६० रोल लठ्ठा प्राप्त गरी सक्नुपर्नेमा २०७८ आषाढ मसान्तसम्म १२ रोलमात्र प्राप्त भै अमेरिकी डलर १ लाख ५ हजार खर्च भई ८ प्रतिशत प्रगति भएको देखिन्छ । सम्झौताका शर्तअनुसार लठ्ठा खरिद कार्य सम्पन्न नहुँदा झोलुङ्गे पुल निर्माण कार्यमा वाधा परेकाले सम्वन्धित निकाय जिम्मेवार बन्नुपर्दछ ।

## ग्रामीण सडक सञ्जाल सुधार आयोजना

१८. **सवारीसाधन भाडा -** सार्वजनिक लेखा समितिले २०६९।१।८ मा निर्माण कार्यको बिल अफ क्वान्टिटीमा सवारीसाधन तथा मेसिनरी सामान खरिद तथा भाडाको रकम समावेश गरी ठेक्का सम्झौता गर्न नपाउने निर्णय गरेको छ । ग्रामीण सडक सञ्जाल सुधार आयोजनाका लागि स्थानीय पूर्वाधार विभागले विभिन्न सडकको सम्झौता गर्दा उक्त निर्णयको पालना नगरी पिक अप गाडी भाडामा लिई रू.८ करोड ४० लाख ७ हजार भुक्तानीसमेत गरेको देखियो । भुक्तानी गरेको देखियो । यसरी निर्णय विपरीत सवारीसाधन भाडा लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

## जिल्ला समन्वय समिति

१९. **अवकाश पछिको सुविधा -** तत्कालीन काभ्रेपलाञ्चोक जिल्ला विकास समितिमा कार्यरत रही स्थानीय तहमा समायोजन भई गएका १५ जना कर्मचारीले अवकाश पछिको सुविधा कार्यरत रहेकै अवस्थामा भुक्तानी लिएको पाइयो । समायोजन भएका कर्मचारीलाई अवकाश मानेर सुविधा दिने कानुनी आधार नदेखिएकोले कर्मचारी कल्याण कोषबाट भुक्तानी भएको रू.१ करोड १३ लाख ३८ हजार प्रचलित कानूनअनुसार असुल गर्नुपर्दछ ।

## संगठित संस्था समिति

## निजामती कर्मचारी अस्पताल

२०. **आय-व्यय -** अस्पतालले यो वर्ष नेपाल सरकारको अनुदान रू.४७ करोड ६८ लाख २९ हजार, कोभिड-१९ को लागि निकासा प्राप्त रू.७ करोड ६८ लाख ४७ हजार, आन्तरिक स्रोतबाट रू.३९ करोड ६१ लाख ७६ हजार, विपन्न नागरिक सहायता अनुदान रू.२ करोड ३३ लाख १७ हजार, विविध आय रू.४७ करोड ६० लाख ४७ हजार र गत वर्षको मौज्दात रू.२४ करोड ५५ लाख ४० हजारसमेत रू.१ अर्ब ६९ करोड ४७ लाख ५६ हजार आय देखाएको छ । गत वर्षको भुक्तानी रू.२७ करोड ८९ लाख ९३ हजार, धरौटी तथा पेश्की रू.२९ करोड ५७ लाख १२ हजार सञ्चालन तथा अन्य खर्च रू.८५ करोड ९१ लाख ७१ हजारसमेत रू.१ अर्ब ४३ करोड ३८ लाख ७६ हजार खर्च भई रू.२६ करोड ८ लाख ८० हजार मौज्दात रहेको छ ।

२१. **स्वास्थ्य उपचार सेवा -** निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ मा अस्पताल विकास समितिले स्रोत, साधन र क्षमताअनुसार निजामती कर्मचारीका साथै सर्वसाधारणलाई समेत स्वास्थ्य उपचार सेवा उपलब्ध गराउन सक्ने व्यवस्था छ । अस्पतालबाट प्राप्त विवरणअनुसार यो वर्ष निजामती कर्मचारी तर्फ ११ हजार ७८५ (१५.५० प्रतिशत) र सर्वसाधारण तर्फ ६४ हजार २४८ समेत ७६ हजार ३३ जना (८४.५० प्रतिशत) लाई स्वास्थ्य सेवा उपलब्ध गराएको देखिन्छ। निजामती कर्मचारीलाई लक्षित गरी स्थापित यस अस्पतालको उपचार सुविधा सोहीअनुरूप केन्द्रित गरी अस्पतालबाट उपलब्ध गराउने उपचारसम्बन्धी सेवामा दैनिक उपचार गराउने ओपीडी संख्यामा वृद्धि गर्नुपर्ने, प्रयोगशालालगायतमा निजामती कर्मचारीलाई प्राथमिकता दिने र निजामती कर्मचारीको लागि सेवा, समय र शय्या निर्धारण गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

२२. **कोभिड-१९ उपचारको व्यवस्थापन -** यस अस्पतालले नेपाल सरकारबाट कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि रू.७ करोड ६८ लाख ४७ हजार प्राप्त गरी खर्च गरेकोमा हाइ डिपेन्डेन्सी युनिट खरिद तथा जडानमा रू.३ करोड १० लाख ४९ हजार, पीपीई, मास्क, सेनिटाइजर, औषधि तथा औषधिजन्य सामग्री खरिद, अस्पताल व्यवस्थापन र क्वारेन्टाइनसमेतमा रू.३ करोड २४ हजार, मेसिनरी औजार तथा उपकरण खरिदमा रू.५० लाख ७१ हजार, उपचारमा संलग्न स्वास्थ्यकर्मीको जोखिम भत्तामा रू.८३ लाख २७ हजार खर्च गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५(३)१ मा सार्वजनिक निकायले रू.१० लाखभन्दा बढी

रकमको विशेष परिस्थितिमा खरिद गर्दा खरिदको विवरण सार्वजनिक गरी सोको जानकारी सार्वजनिक अनुगमन कार्यालयमा पठाई नियमावलीको व्यवस्था पालना गर्नुपर्दछ ।

२३. **अस्पतालको आम्दानी** - अस्पतालले पेस गरेको आय-व्यय विवरणअनुसार यो वर्षको आय रू.३३ करोड ५३ लाख ४९ हजार रहेकोमा कर्मचारीको तलब भत्ता र सेवा निवृत्त सुविधामा मात्र रू.१० करोड ७४ लाख ७६ हजार खर्च भएको देखिन्छ । उक्त खर्च आम्दानीको ३२.०४ प्रतिशत हुन आउँछ । समितिका कर्मचारीको लागि अवकाश पछि हुने भुक्तानीको लागि रू.६ करोड ८९ लाख दायित्व व्यवस्था गरेको छ । भौतिक पूर्वाधार र उपकरण व्यवस्थापनको लागि सरकारकै अनुदानमा भर पर्नुपर्ने स्थिति छ । अस्पताललाई दिगो रूपमा सञ्चालन गर्न र वित्तीय अवस्था सुधार गर्न आयमा वृद्धि र खर्च नियन्त्रणसम्बन्धी नीति तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।

२४. **औषधिको म्याद** - अस्पताल र औषधि उपलब्ध गराउने आपूर्तक संस्थाबीच भएको सम्झौतामा औषधिको म्याद समाप्त हुने अवधि फार्मेसीमा औषधि प्राप्त भएको मितिले कम्तीमा एक वर्षको हुनुपर्ने उल्लेख छ । अस्पतालबाट औषधिको म्यादसम्बन्धी विवरण उपलब्ध हुन नसकेकोले औषधिको म्याद सम्बन्धमा स्पष्ट हुन सकिएन । सम्झौतामा ४ महिनामात्र बाँकी रहेका सबै औषधि सम्बन्धित आपूर्तिकर्तालाई फिर्ता गराई शोधभर्ना हुनुपर्नेमा विवरण उपलब्ध नहुँदा वास्तविक अवस्था यकिन गर्न सकिएन ।

## नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

२५. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा** - प्रतिष्ठानको गत वर्षको आय रू.३१ करोड ६ लाख २ हजार रहेकोमा यो वर्ष रू.१९ करोड ४९ लाख ६२ हजार प्राप्त गरी गत वर्षभन्दा ३७.२३ प्रतिशतले घटी आय प्राप्त भएको छ । गत वर्ष रू.२५ करोड ९२ लाख २२ हजार खर्च भएकोमा यो वर्ष रू.१८ करोड ५० लाख १० हजार खर्च भएकोले गत वर्षभन्दा २८.६२ प्रतिशतले घटी रहेको छ । कोषतर्फको आय गत वर्षको भन्दा ३४ प्रतिशतले र खर्च ४० प्रतिशतले घटेको छ । दायित्व कोषतर्फ पेन्सन, उपदान र अन्य सुविधाबापत रू.४२ करोड ८७ लाख ७६ हजार रहेको छ ।

२६. **रणनीतिक योजना कार्यान्वयन** - प्रतिष्ठानले सञ्चालन गर्ने प्रशिक्षण, अनुसन्धान एवं परामर्श कार्यहरूलाई प्रभावकारी ढङ्गले सम्पादन गर्न २०७२।२०७३ देखि २०७६।२०७७ सम्मको पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गरेको छ । सो योजनाले प्रशिक्षण कार्यक्रमको स्तरीकरण र परिमार्जन गर्ने, नीतिगत अनुसन्धान कार्यहरूको प्रवर्द्धन गर्ने र नेपाल सरकारलाई नीतिगत सुझाव प्रदान गर्ने, सरकारी निकाय तथा सार्वजनिक संस्थाहरूको व्यवस्थापकीय सुधारका लागि परामर्श प्रदान गर्ने, प्रतिष्ठानको आन्तरिक सेवा प्रक्रियामा निरन्तर सुधार गर्ने, प्रशिक्षकहरूको क्षमता विकास गर्ने, प्रशिक्षण पूर्वाधारहरूको स्तरोन्नति र विकास गर्ने र वित्तीय स्रोतको उच्चतम परिचालन गर्ने जस्ता रणनीतिक उद्देश्यहरू निर्धारण गरेकोमा कार्यान्वयन अवस्थाको मूल्याङ्कन

गरेको देखिएन । रणनीतिक योजनामा निर्धारित लक्ष्य तथा उद्देश्य पूर्णरूपमा कार्यान्वयन गरिनुपर्दछ ।

२७. **तालिमको प्रभावकारिता -** प्रतिष्ठानले स्थापित उद्देश्य अनुरूप सरकारी निकाय तथा सार्वजनिक संस्थानहरूको प्रशासनिक एवं दक्षता अभिवृद्धि गर्न अधिकृतस्तरका कर्मचारीलाई पूर्व सेवाकालीन, सेवाकालीन तथा उच्चतहका कर्मचारीलाई सिनियर एक्जुकेटिभ डेभलोपमेन्ट प्रोग्रामलगायतका तालिम, अनुसन्धान र परामर्श सेवाको कार्य गर्दै आएको छ । यसको लागि तालिम सञ्चालन नीति, निर्देशिका स्वीकृत गरी तालिमको गुणस्तर कायम राख्न, तालिमबाट सञ्चालित सीपको अभिवृद्धि गरी गुणस्तरयुक्त जनशक्तिबाट सार्वजनिक सेवा प्रवाहमा दक्षता अभिवृद्धि गर्न पाठ्यक्रम पुनरावलोकन तथा तालिमको प्रभावकारिताको अध्ययन गरी प्राप्त पृष्ठपोषणको आधारमा सुधार गर्दै सञ्चालित तालिमको मापनयोग्य सूचकाङ्क र कार्ययोजना तयार गरी अनुगमन गर्न सकेमा तालिमको गुणस्तरमा थप प्रभावकारिता आउने देखिन्छ।

## अनुगमन तथा बेरूजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा लक्ष्यअनुसार प्रगति नभएको, ठेक्का अधुरो रहेको, सोझै खरिद गरेको, निर्माण कार्यमा समन्वय नगरेको, पेश्की फस्यौंट नभएको, बिल भरपाईबेगर खर्च गरेको लगायतका व्यहोरा औंल्याइएकोमा यस सम्वन्धमा सुधार भएको देखिएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरूजूको स्थिति देहायअनुसार छ ।
  - सरकारी कार्यालयतर्फ ४६ निकायमा यो वर्ष रू.६७ करोड ७१ लाख ७७ हजार बेरूजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रू.५ लाख ३७ हजार फस्यौंट गरेकोले रू.६७ करोड ६६ लाख ४० हजार फस्यौंट गर्न बाँकी रहेको छ । सोमध्ये रू.४२ लाख ६८ हजार म्याद नाघेको पेश्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था एवं समिति ४ तर्फ यो वर्ष रू.१ करोड ४२ लाख ७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रू.४ लाख ९८ हजार फस्यौंट गरेकोले रू.१ करोड ३७ लाख ९ हजार बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।